# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा
## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड ९) | सङ्ख्या : १ | प्रकाशित मिति : २०८३/०३/२४


## भाग–१

## सिद्धिचरण नगरपालिकाको शिक्षा ऐन, २०७५ लाई दोस्रो संशोधन गर्न बनेको ऐन, २०८३

**स्वीकृत मिति: २०८३/०३/१०**
**प्रमाणीकरण मिति: २०८३/०३/१०**

शिक्षा ऐन २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२६ एवम् स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि नगरसभाले बनाएको यो ऐन सोही ऐनको दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यो ऐनको नाम **सिद्धिचरण नगरपालिकाको शिक्षा (दोस्रो संशोधन) ऐन, २०८३ रहेको छ ।**

(२) यो ऐन राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. सिद्धिचरण नगरपालिकाको शिक्षा ऐन,२०७५ को **दफा २१ को उपदफा (१)** मा सामुदायिक विद्यालयको व्यवस्थापन समिति अन्तर्गत **खण्ड (घ) हटाईएको** ।

३. सिद्धिचरण नगरपालिकाको शिक्षा ऐन,२०७५ को **दफा २१ को उपदफा (३)** संशोधन : **दफा २१ को उपदफा (३)** विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेका सदस्य सो समितिको अध्यक्ष हुनेछ।

४. सिद्धिचरण नगरपालिकाको शिक्षा ऐन,२०७५ को **दफा ३ को उपदफा (११) मा** संशोधन : प्राविधिक तथा व्यवसायिक शिक्षा वा सो सरहका कक्षाहरु सञ्चालनका लागि कुनै **सामुदायिक माध्यमिक विद्यालयको** भन्ने ठाउँमा **कुनै माध्यमिक विद्यालय** भन्ने शब्दावली कायम गरी अन्य व्यवस्था यथावत राखिएको।

५. सिद्धिचरण नगरपालिकाको शिक्षा ऐन,२०७५ को **दफा ३ को उपदफा (१४)** मा मसंशोधनः प्राविधिक तथा व्यवसायिक तालिम परिषद् (सि.टि.ई.भि.टि.) अन्तर्गत संचालन हुने प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा वा सो सरहका कक्षा र तालिम सञ्चालनका लागि **कुनै सामुदायिक माध्यमिक विद्यालयको** भन्ने शब्दावलीको सट्टा **कुनै माध्यमिक विद्यालय वा संस्था** भन्ने शब्दावली कायम गरी अन्य व्यवस्था यथावत राखिएको ।

**आज्ञाले**
भीष्मराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत